# नेपाल राष्ट्र बैंक
## केन्द्रीय कार्यालय
## विदेशी विनिमय व्यवस्थापन विभाग

*इ.प्रा.परिपत्र संख्या:-* ४२३ *मिति :-* २०६३/१२/११

**इजाजतपत्रप्राप्त "क" र राष्ट्रियस्तरका "ख" वर्गका बैंक तथा वित्तीय संस्थाहरू ।**

**विषयः चिनिया मुद्रा युआन (Yuan) कारोवार सम्वन्धमा ।**

महाशय,

द्विपक्षीय हिसाब मिलान र सहयोगको सम्बन्धमा नेपाल राष्ट्र बैंक र पिपुल्स बैंक अफ चाइना बीच मिति २०५९।३।३ मा सम्पन्न सम्झौता कार्यान्वयनको सिलसिलामा निम्न व्यबस्थाहरू लागू गरिएको हुँदा सोही बमोजिम गर्न/गराउनु हुन विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ (संशोधन सहित) को दफा १२ ले दिएको अधिकार प्रयोग गरी यो परिपत्र जारी गरिएको छ ।

१. नेपाल भ्रमणमा आउने चिनियाँ पर्यटकहरूबाट चिनियाँ मुद्रा युआन (Yuan) प्रचलित बिनिमय दरमा खरिद गर्न सकिने र यसरी गरिने खरिद पर्यटकहरूबाट सोझै वा इजाजत प्राप्त अन्य निकायहरू जस्तै होटेल, ट्राभल एजेन्सी, मनिचेञ्जर आदि मार्फत पनि गर्न सकिने ।

२. चीनको झाङ्गमु (खासा) स्थित बैंक अफ चाइनाको शाखामा सम्वन्धित बैंक/वित्तीय संस्थाहरूले युआन (Yuan) मा खाता खोल्न सक्ने ।

३. सम्वन्धित बैंक/वित्तीय संस्थाहरूले खरिद गरेको युआन (Yuan) बैंक अफ चाइनाको उक्त झाङ्गमु (खासा) शाखामा जम्मा गर्न पठाउन सक्ने ।

४. बैंक/वित्तीय संस्थाहरूले परिवर्त्य विदेशी मुद्रा बिक्री गरी चिनियाँ मुद्रा युआन (Yuan) खरिद गर्न सक्नेछन् र खरिद गरिएका युआन (Yuan) बैंक अफ चाइनाको झाङ्गमु (खासा) स्थित खातामा जम्मा गर्न सक्ने ।

५. नेपाली निर्यातकर्ताहरूले चिनियाँ आयातकर्ताहरूबाट प्राप्त गरेको युआन (Yuan) पनि सम्वन्धित बैंक/वित्तीय संस्थाहरूले बैंक अफ चाइना झाङ्गमुस्थित उपर्युक्त खातामा जम्मा गर्न सक्ने ।

६. चीनबाट हुने आयात भुक्तानीको लागि बैंक अफ चाइना स्थित उक्त खातामा रहेको युआन (Yuan) प्रयोग गर्न सकिने ।

भवदीय,

(रामजी रेग्मी)
का.मु.कार्यकारी निर्देशक